# एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको
# नेशनल बोर्ड नियमावली २०७३ (सन् २०१६)*

एम्नेस्टी इन्टरनेसनल नेपाल

**प्रस्तावना**

एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको नेशनल बोर्डका पदाधिकारी तथा सदस्यहरूको सेवा, शर्त र सुविधाको व्यवस्था गर्न आवश्यक भएकाले ए.आई. नेपालको विधानले दिएको अधिकार प्रयोग गरी नेशनल बोर्डले यो "नेशनल बोर्ड नियमावली २०७३ (२०१६)" बनाई लागू गरिएको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

**१. संक्षिप्त नामः**

(क) यो नियमावलीको नाम "ए.आई. नेपाल नेशनल बोर्ड नियमावली २०६२ (२००५)" को तेस्रो संशोधन २०७३ (सन् २०१६) रहनेछ ।

(ख) यो नियमावली साधारणसभाबाट अनुमोदन भएपश्चात् तत्काल लागू हुनेछ ।

**२. परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ लागेमाबाहेक यस नियमावलीमा :

(क) "विधान" भन्नाले एम्नेस्टी इन्टरनेशनल नेपालको विधानलाई बुझाउनेछ ।

(ख) "नेशनल बोर्ड" भन्नाले ए. आई. नेपालको राष्ट्रिय कार्यसमितिलाई सम्झनु पर्नेछ ।

(ग) "पदाधिकारी" भन्नाले विधान अनुसार गठित नेशनल बोर्डका अध्यक्षदेखि सदस्यसम्मका पद धारण गर्ने व्यक्तिहरूलाई जनाउने छ ।

(घ) "तोकिए बमोजिम" भन्नाले विधान, यो नियमावली वा नेशनल बोर्डले तोकेबमोजिमका कुराहरूलाई जनाउने छ ।

## परिच्छेद–२
## काम, कर्तव्य र अधिकार

### ३. नेशनल बोर्डको काम, कर्तव्य र अधिकार

(क) एम्नेस्टी इन्टरनेसनलको अन्तर्राष्ट्रिय परिषद् बैठक (आई.सी.एम.) र अन्तर्राष्ट्रिय बोर्ड (आई. वी.) एवं अन्तर्राष्ट्रिय सचिवालय (आई.एस.) को निर्णयहरू कार्यान्वयन गर्ने गराउने तथा सूचना, अवधारणा र प्रकाशनहरू प्रचार प्रसार गर्ने गराउने,

(ख) साधारणसभाबाट निर्धारित नीति अनुरूप कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने,

(ग) ए.आई.नेपालको प्रशासनिक, आर्थिक, श्रोत व्यवस्थापन र अभियान संचालन जस्ता कार्यहरूको अनुगमन गर्ने ,

(घ) नेशनल बोर्डलाई आवश्यक सल्लाह दिन बढीमा तीन सदस्यीय सल्लाहकार समितिको गठन गर्ने,

((ङ) संस्थाको विशेष आवश्यकता अनुरूप विभिन्न उप-समिति र विशेष समिति(हरू)को गठन गरी त्यसको काम, कर्तव्य र अधिकार तोक्ने,

(च) ए.आई. नेपालको कार्य संचालनका लागि आवश्यक नियम, विनियम तथा उपनियमहरू तर्जुमा गरी कार्यान्वयन गर्ने,

* १९औं र २५औं वार्षिक साधारणसभाले गरेको संशोधन समाविष्ट

(छ) कुनै सदस्यको सदस्यता, समूह तथा निर्माणाधीन समूह, युथ नेटवर्क वा राकासका पदाधिकारी तथा सदस्यहरूलाई विधान र नियमावली अनुरूप निलम्बन, निस्काशन वा खारेज गर्ने,

(ज) ए.आई. नेपालको कार्य सञ्चालनका लागि आवश्यक निर्देशिका एवं कार्यविधि(हरू) निर्माण गरी लागू गर्ने र

(झ) तोकिएबमोजिमका अन्य कार्यहरू गर्ने ।

परिच्छेद–३

## सेवाशर्त र सुविधा

**४. नेशनल बोर्ड पदाधिकारी तथा सदस्यहरूको सेवाशर्त :**

(क) ए.आई. नेपाल शाखाद्वारा संचालित मानवअधिकार सम्बन्धी अभियान तथा क्रियाकलापहरूमा नेशनल बोर्डका पदाधिकारीहरूको संलग्नतालाई स्वयंसेवी मानिनेछ ।

(ख) नेशनल बोर्डका पदाधिकारीहरूले तोकिए बमोजिमका भत्ता वा विशेष कामको लागि पाउने खर्च रकम बाहेक कुनै प्रकारको नियमित पारिश्रमिक पाउने छैनन् ।

(ग) नेशनल बोर्डका प्रत्येक पदाधिकारीहरू ए.आई. को हित विपरीत नहुने गरी यसका अभियानहरूमा निस्वार्थ रूपमा समर्पित हुनु पर्नेछ ।

(घ) नेशनल बोर्डका पदाधिकारीहरूले सक्रियतापूर्वक विधानमा तोकिए बमोजिमका काम गर्नुपर्नेछ ।

(ङ) नेशनल बोर्डका कुनै पदाधिकारीलाई नेशनल बोर्डले आवश्यक अभियानमा प्रतिनिधि, पर्यवेक्षक वा प्रशिक्षकका रूपमा खटाई पठाउन सक्नेछ ।

तर प्रशिक्षकको रूपमा खटाइने पदाधिकारीले अनिवार्य रूपमा ए.आई.को प्रशिक्षक प्रशिक्षण प्राप्त गरेको हुनुपर्नेछ ।

(च) नेशनल बोर्डका कुनै पदाधिकारीलाई कुनै विशेष कामको निमित्त खटाई पठाउँदा निजले, पालना गर्नुपर्ने नियम, पाउने सुविधा तथा शर्तहरू तोकिए बमोजिम हुनेछ ।

**५. बैठक भत्ता :**

नेशनल बोर्डको बैठकमा सहभागी हुने व्यक्तिलाई तोके बमोजिम बैठक भत्ता दिइने छ ।

**६. भ्रमण भत्ता :**

(क) नेशनल बोर्डका पदाधिकारीलाई बैठकमा भाग लिन वा ए.आई. नेपालको कामले अन्य कारणले आफू बसेको ठाउँबाट अन्यत्र खटाइएकोमा जान तथा आउन बाटोमा लागेको दिनकोसमेत भत्ता उपलब्ध गराइनेछ । तर एकै दिनको निमित्त भ्रमण भत्ता र बैठक भत्ता दुवै दावी गर्न पाइने छैन । मातृ समूह र स्थानीय समूहमा खटाइएकामा यस्तो भत्ता दावी गर्न पाइने छैन ।

(ख) बाटाको दिन गणना गर्दा बैठकमा भाग लिने प्रयोजनका लागि जतिसुकै दिन लागे पनि केवल आउनको लागि एक दिन र जानको लागि एक दिन गरी दुई दिन मात्र र अन्य प्रयोजनका लागि आतेजातेमा लागेको वास्तविक दिनलाई गणना गरिनेछ ।

**७. यातायता खर्च :**

नेशनल बोर्डका कुनै सदस्यलाई ए.आई. नेपालको कुनै कामको निमित्त खटाउँदा लागेको यातायात खर्च ए.आई. नेपालले व्यहोर्नेछ ।

**८. खाना तथा आवासको व्यवस्था :**

नेशनल बोर्डको बैठकमा भाग लिने वा अन्य कुनै कार्यको लागि खटाइएका नेशनल बोर्डका सदस्यहरूले अन्य व्यवस्था गरिएकोमा बाहेक खाना तथा लजको व्यवस्था आफै गर्नुपर्नेछ ।

९. **औषधी उपचार खर्च :**

नेशनल बोर्ड का कुनै पदाधिकारी तथा सदस्य ए.आई. को अभियानमा प्रतिनिधि, पर्यवेक्षक वा प्रशिक्षकका रूपमा हिंड्दा विरामी भई उपचार गर्नु परेमा शाखाको आर्थिक अवस्था र विरामीको उपचार गर्दा लाग्ने खर्चको समेत विचार गरी नेशनल बोर्ड बाट भएको निर्णय बमोजिम बढीमा दश हजार रुपैयाँसम्म उपचार खर्च पाउनेछ ।

१०. **दुर्घटना तथा स्वास्थ्य विमा :**

नेशनल बोर्ड का पदाधिकारीहरुको जनही ५००,०००/– को दुर्घटना विमा तथा रु १००,०००।-को स्वास्थ्यसम्बन्धी बीमा गरिनेछ । सो विमा सम्बन्धी व्यवस्था नेशनल बोर्डमा वहाल रहँदाका अवस्थामा मात्र लागू हुनेछ ।

११. **पारिश्रमिक :**

नेशनल बोर्डका कुनै पदाधिकारी तथा सदस्यलाई कुनै प्रशिक्षण कार्यक्रममा प्रशिक्षकको रूपमा खटाइएमा वा निजले विधान बमोजिम गर्नु पर्ने बाहेक निजको विशेषज्ञता भएको अन्य कुनै विशेष काम लगाइएमा कार्य समितिले तोके बमोजिमको पारिश्रमिक दिन सकिने छ ।

## परिच्छेद– ४
## **विविध**

१२. **खर्च सम्बन्धी व्यवस्था :**

माथि विभिन्न नियममा उल्लेख गरिएको भत्ता, पारिश्रमिक तथा अन्य सुविधाका लागि आवश्यक खर्च ए.आई. नेपाल शाखाले व्यहोर्नेछ ।

१३. **मितव्ययिता :**

कार्यक्रमको प्रतिवेदन वा समाचार बुझाउँदा वा पठाउँदा फ्याक्स, टेलिफोन, चिठ्ठी वा फोटोका लागि लागेको खर्च ए.आई. नेपालले ब्यहोर्नेछ तर त्यसमा यथासम्भव छिटो छरितो र न्यूनतम खर्चको साधन प्रयोग गर्नु पर्नेछ ।

१४. **संशोधन :**

यो नियमावली वा यसमा उल्लिखित कुनै पनि कुरालाई संशोधन वा खारेज गर्न चाहेमा नेशनल बोर्डले सोसम्बन्धी प्रस्ताव साधारणसभामा पेश गरी साधारणसभामा उपस्थित सदस्यहरूको सामान्य बहुमतबाट अनुमोदन भएमा यो नियमावली संशोधन वा खारेज भएको मानिनेछ ।

१५. **बाधा अड्काउ फुकाउने :**

(क) यो नियमावलीमा उल्लेख नभएका कुराका सम्बन्धमा नेशनल बोर्डको निर्णय बमोजिम हुनेछ ।

(ख) यो नियमावलीमा नेशनल बोर्डले गर्ने भनिएको कार्य नेशनल बोर्डको बहुमतले गर्नेछ ।

१६. **खारेजी र बचाउ :**

(क) नेशनल बोर्ड नियमावली २०५५ खारेज गरिएको छ ।

(ख) यो नियमावली प्रारम्भ हुनु अगाडि यसमा उल्लिखित कुराहरुको सम्बन्धमा भए गरेका सबै कामहरु यसै नियमावली अनुरुप भए गरेको मानिने छ ।

(ग) यो नियमावलीमा उल्लिखित कुनै कुरा विधानसंग बाझिन गएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

♣ समाप्त ♣